***Nepal Bags First Position in SAFA Best Presented Annual Report Awards at Pune, India***

संस्थाहरुमा संस्थागत सुशासनको अवधारणालाई लागु गराउने एक प्रमुख औजारको रुपमा वित्तीय प्रतिवेदनलाई लिने गरिएको छ । यसै सन्दर्भमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले दक्षिण एशियाली लेखाव्यवसायी महासंघ (साफा) ले तयार पारेको क्राईटेरियाको आधारमा छुट्टै मूल्यांकन क्राईटेरिया तयार गरी बिभिन्न विधामा तयार गारिएका सर्वोकृष्ट वित्तीय प्रतिवेदनहरुलाई सन् २००३ देखि उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्दै आईरहेको छ ।

संस्थाले विभिन्न निकायहरुबाट प्राप्त बिभिन्न विधाका वित्तीय प्रतिवेदनहरुको मूल्याङ्कन गरी राष्ट्रिय रुपमा उत्कृष्ट ठहराएका प्रतिवेदनहरुलाई **South Asian Federation of Accountants - SAFA** स्तरीय प्रतिस्पर्धामा पठाउने गर्दै आएरहेको छ । साफा दक्षिण एसियाली लेखाव्यवसायीहरुको क्षेत्रीय संगठन हो जसलाई **South Asian Association of Regional Cooperation - SAARC** ले **Apex Body** को रुपमा मान्यता प्रदान गरेको छ। यसरी उपलव्ध गराईएको प्रतिवेदनहरुलाई साफा सदस्य राष्ट्रका लेखाव्यवसायी संस्थाहरुले पुनः मूल्याङ्कन गरी साफा वित्तीय प्रतिवेदन पुरस्कारको लागि छनौट गर्ने गरेको छ । यस अनुसार सन् २०१६/१७ को वार्षिक प्रतिवेदनको मूल्याङ्कन अनुसार सेवा क्षेत्र **(Service Sector)** तर्फ नेपालको **Oriental Hotels Ltd (Radisson Hotel Kathmandu)** र श्रीलंकाको **The Nuwara Eliya Hotels Co PLC- Sri Lanka** संयुक्त रुपमा विजयी घोषित भएका छन् । यो नेपालको इतिहासमा कुनै निकायले साफास्तरीय प्रतिस्पर्धामा विजयीको हैसियतमा प्राप्त गरेको पहिलो तथा उच्च पुरस्कार हो । त्यसैगरी **Banking Category** अन्तर्गत **Citizens Bank International Ltd.** ले **Merit Award** प्राप्त गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको तर्फबाट विजयी संस्थाहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।






भारतको पुनेमा ८ माघ २०७५ मा सम्पन्न उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार वितरण समारोहमा ओरिएन्टल होटेल्स लिमिटेड (र्‍याडिशन होटल काठमाण्डौं) का महाप्रबन्धक श्री सुबरत बेनर्जी र **Citizens Bank International Ltd.** का का.मु. प्रमुख कार्यकारी अधिकृत श्री गणेशराज पोखरेलले विजयी संस्थाहरुको तर्फबाट उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कार ग्रहण गर्नु भएको थियो ।


THE INSTITUTE OF COST ACCOUNTANTS OF INDIA
CMA
PUNE CHAPTER